"समुन्नत विहादी, सम्मानित विहादीवासी"

# विहादी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## वहाकोठाँटी, पर्वत
## गण्डकी प्रदेश, नेपाल

पत्र संख्या :- ०८३/०८४

चलानी नं. :-

मिति :- २०८३-०४-२५

बिहादी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
वहाकोठाँटी, पर्वत
गण्डकी प्रदेश, नेपाल

सुचना नं: १३

**स्थानीय पेय पदार्थ उत्पादन तथा परीक्षण उपकरण माग गर्ने सम्बन्धमा।**

यस बिहादी गाउँपालिकाको बार्षिक स्वीकृत कार्यक्रम अनुसार स्थानीय पेय पदार्थ अर्थात कोदोको लोकल रक्सी उत्पादन तथा प्रवर्द्धन कार्यक्रमलाई व्यवस्थित एवं प्रभावकारी रूपमा सञ्चालन गर्नका लागि यस आ.व.मा स्वीकृत २०% लागत सहभागितामा अत्यावश्यक उत्पादन उपकरणहरू वितरण गर्ने कार्यक्रम रहेको छ। उक्त कार्यक्रम अन्तर्गत सञ्चालित तालिममा सहभागी भई व्यावसायिक रूपमा स्थानीय पेय पदार्थ उत्पादन गर्न इच्छुक उद्यमीहरूबाट आवश्यक उपकरण प्राप्तिका लागि निम्न शर्तहरूको अधीनमा रही निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

**१. आवश्यक न्यूनतम योग्यता तथा शर्तहरू:**

- गाउँपालिकाद्वारा आयोजित कोदोको रक्सी उत्पादन तथा गुणस्तर सम्बन्धी अभिमुखिकरण तालिममा अनिवार्य सहभागी भएको हुनुपर्ने।
- कुल उपकरण लागतको २०% रकम लागत सहभागिता गर्न तयार हुनुपर्ने (बाँकी ८०% गाउँपालिका अनुदान रहनेछ)।
- स्थानीय पेय पदार्थको ब्राण्डिङ कार्यमा सहयोग गर्न प्रतिबद्ध भएको हुनुपर्ने।

**२. निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरू:**

१. नेपाली नागरिकताको प्रतिलिपि।

२. तोकिएको ढाँचामा भरिएको निवेदन।

३. २०% लागत सहभागिता व्यहोर्न मञ्जुर भएको प्रतिबद्धता पत्र।

**३. छनोटको आधार:**

- **'बिहादी गाउँपालिकाको प्रविधि हस्तान्तरण तथा व्यवस्थापन कार्यविधि, २०८३'** मा तोकिएका मापदण्ड, सूचक तथा प्राथमिकताका आधारमा परेका निवेदनहरू छानबिन गरी लाभग्राही छनोट गरिनेछ।

**४. निवेदन पेश गर्ने स्थान र अन्तिम मिति:**

- **निवेदन पेश गर्ने स्थान:** बिहादी गाउँपालिकाको नवप्रवर्तन, उद्यम, सीप तथा रोजगार शाखा
- **अन्तिम मिति:** २०८३ साल भदौ १ गते कार्यालय समयभित्र।

**पुनश्च:** सूचना सम्बन्धी विस्तृत जानकारीका लागि गाउँपालिकाको कार्यालय तथा **९८६७९४६०३१** / **९८६४२४८८५०** मा सम्पर्क गर्नुहुन अनुरोध छ।

थमन बहादुर रेश्मी
प्रमुख प्रशासकीय अधिकृत